# १. आयकर

## १.स्थायी लेखा नम्बर

### १. स्थायी लेखा नम्बर के हो ?

*स्थायी लेखा नम्बर प्रत्येक करदातालाई दिइने एक पहिचान दिने (Unique) र स्थायी संकेत अंक हो । यो नौ (९) अंकको हुन्छ । एक पटक लिई सकेपछि उही व्यक्तिले व्यवसाय गर्ने स्थल वा व्यवसायको प्रकृति वा अन्य विवरण बदले पनि सो करदाताका लागि सँधैभरि सोही संकेत अंक कायम रहि रहने भएकोले स्थायी लेखा नम्बर भनिएको हो । यसलाई छोटकरीमा PAN (Permanent Account Number) भनिन्छ । व्यक्तिको लागि यो कर तिर्ने प्रयोजनको लागि प्रयोग गरिन्छ । यो नम्बर कर प्रयोजनको लागि व्यक्तिगत सूचनाको भण्डारण गर्ने कार्यको लागि प्रयोग गरिन्छ । व्यवसाय, रोजगारी एबं लागानीको पहिचान जनाउने नम्बर पनि हो । कम्प्यूटर प्रणालीबाट श्रृजना हुने नौ अंकको यो नम्बरको उदाहरण 100362257 यस्तो हुन्छ ।*

### २. PAN लिन किन आवश्यक छ ?

*उद्योग, व्यापार, पेशा, व्यवसाय (फर्म नराखी स्वतन्त्र व्यवसाय गर्ने प्राकृतिक व्यक्तिसमेत), रोजगारी गर्ने व्यक्तिले आफुले गर्ने कारोवार, बैंकिङ्ग कारोवार जारी गर्ने बील बीजक, खाता बही, कागजात तथा आय विवरण लगायत कर सम्बन्धी सम्पूर्ण विवरणमा PAN को उल्लेख गर्न अनिवार्य भएकोले PAN लिनु पर्दछ । साथै यो नम्बरले करदातालाई एउटा विशिष्ट संकेतद्वारा छुट्टै पहिचान दिने भएकोले आफ्नो व्यवसाय गर्न र सोमा सम्बद्ध राजश्व दाखिला गर्न यो PAN लिए पछि सहज हुने भएकोले PAN लिन आवश्यक छ ।*

**३. मैले अन्तःशुल्क लाग्ने वस्तुको कारोवार गर्न के छुट्टै PAN लिनु पर्दछ ?**

*अन्तः शुल्क लाग्ने वस्तुको कारोवार गर्न पहिला PAN लिई सकेका व्यक्तिले पुनः छुट्टै PAN लिनु पर्दैन । अन्तःशुल्क लाग्ने बस्तुको कारोबार गर्नेले भने इजाजत पत्रका लागि आवेदन गरी इजाजत पत्र लिनु पर्दछ । त्यहि व्यवसायिक PAN का आधारमा अतिरिक्त ईजाजतपत्र मात्र लिनु पर्दछ ।*

**४. के प्राकृतिक व्यक्ति र कम्पनीको एब्ल फरक फरक हुन्छ ?**

*प्राकृतिक व्यक्ति र कम्पनीले फरकफरक PAN लिनु परेपनि स्थायी लेखा संकेत संख्याको रुपमा एउटै पद्धतिबाट विशिष्ट नम्बर (Unique Number) दिइएको हुन्छ । PAN को संकेत संख्याबाटै प्राकृतिक व्यक्ति र कम्पनी छुट्टिंदैन ।*

**५. मैले PAN को उल्लेख कुन कुन कागजातमा गर्नुपर्दछ ?**

*आफुले गर्ने कारोवार, बिल बिजक, खाताबही, आय विवरण लगायत बैंकिंग कागजात तथा कर सम्बन्धी सम्पूर्ण विवरण (आयकर, मू.अ.कर, भन्सार, अन्तःशूल्क समेत) मा PAN उल्लेख गर्न अनिवार्य छ । आफैंलाई कर सम्बन्धी सुविधा सहुलियत हासिल गर्न वा कुनै सूचना प्राप्त गर्न PAN को उल्लेख गर्न आवश्यक छ । राजस्व दाखिला गर्ने भौचरमा PAN नम्बर राखिएमा त्यसले राजस्वको अभिलेख दुरुस्त अबस्थामा रहेको हुन्छ ।*

**६. आयकरमा दर्ता हुन PAN लिइ सके पछि फेरी ख्ब्त को लागि छुट्टै PAN लिनु पर्दछ ?**

*VAT र आयकर दुबै आन्तरिक राजश्व विभागद्वारा प्रशासन गरिन्छ र दुबै प्रयोजनको लागि एउटै PAN नम्बर दिइन्छ । यसर्थ छुट्टाछुट्टै दुईटा PAN लिनु पर्दैन ।*

**७. रोजगारीको आय हुने व्यक्तिले एब्ल लिनु पर्छ कि पर्दैन ?**

*रोजगारीको आय हुने १ लाख ६० हजार एकल वा २ लाख भन्दा माथिको दम्पति छनौट गरेको व्यक्तिले पनि आ.ब. २०६६।६७ देखि PAN लिनु पर्ने गरी व्यवस्था गरिएको छ ।*

**८. मैले प्रोप्राइटरसीप फर्म वन्द गरी प्राइभेट लिमिटेड कम्पनी खोल्दैछु के मैले कम्पनीका लागि छुट्टै एब्ल लिनु पर्दछ ?**

*प्रोप्राइटरसीप फर्म (प्राकृतिक व्यक्तिको हुने) र कम्पनी छुट्टाछुट्टै व्यक्ति भएकोले प्राइभेट लिमिटेड कम्पनीले (एकल प्राकृतिक व्यक्तिको स्वामित्वमा रहे पनि, छुट्टै कानूनी व्यक्ति भएकोले) छुट्टै PAN लिनु पर्दछ ।*

**९. मैले विराटनगरमा खुद्रा पसलको व्यवसाय गर्दा PAN लिएको थिएँ । सो व्यवसाय बन्द गरी म काठमाण्डौं आए र यहाँ उद्योग स्थापना गर्ने तयारी गर्दैछु । के काठमाण्डौंमा मैले पुनः छुट्टै PAN लिनु पर्दछ ?**

*उही प्राकृतिक व्यक्ति हो भने ठाउँ वा कारोवारको प्रकृति बदलेपनि पुनः PAN लिई राख्नु पर्दैन । तर आफ्नो कारोवार स्थल वा कारोवारको प्रकृति/स्वरुपमा परिवर्तन आएको भए सोको सूचना सम्बन्धित आन्तरिक राजस्व कार्यालय (आफुले PAN लिएको आ.रा.का) मा दिनु पर्दछ ।*

**१०. मेरो होलसेलको पसल छ । मैले Invoice जारी गर्दा सामान खरीद गर्ने व्यक्तिको पनि PAN उल्लेख गर्नु पर्दछ ?**

*बील बिजक जारी गर्दा आफ्नो PAN को उल्लेखका साथै सामान खरीद कर्ता व्यवसायीको PAN को उल्लेख गर्न पनि अनिवार्य छ । यसो गर्दा सामान खरीदकर्ताले तिरेको VAT आफुले पनि दाखिला गर्ने VAT मा मिलान गर्न सहज र सम्भव हुन्छ । आफ्नो व्यवसायिक कारोबारको यथार्थ चित्रण प्रस्तुत गर्ने भएकोले बिक्री बिलमा PAN उल्लेख गर्नु पर्दछ । यसले ग्राहकलाई तपाईंको व्यवसायको पहुचमा रहिरहन पनि सघाउने भएकोले उल्लेख गर्नु पर्दछ ।*

**११. आन्तरिक राजश्व विभागले PAN लिएको नलिएकोमा कागजात (जस्तै Invoice) मा उल्लेख गरे नगरेको कसरी थाहा पाउछ ?**

*आन्तरिक राजश्व विभाग आफैले र राजश्व अनुसन्धान विभाग समेतको मद्दतले PAN लिएको नलिएको, VAT लगायतका करमा दर्ता भए नभएको र बील बिजकमा उल्लेख (Quote) गरे नगरेको अनुगमन गर्ने गर्दछ । यसका लागि बजार अनुगमनको विशेष*

*व्यवस्था गरिएको छ । PAN लिएर मात्र कारोवार गर्नु पर्ने व्यक्तिले PAN नलिई कारोवार गरेको पाइएमा आयकर ऐन तथा मू.अ.कर ऐन दुबै बमोजिम आ.रा.वि.ले कानूनी कारवाही गर्द सक्दछ । यसका साथै बिभागले करदाताका सबै सूचनाहरु एकीकृत गर्ने भएकोले तपाईको सामान खरिद गरेकोवाट तपाईको कारोबार थाहा हुने भएकोले त्यसबाट तपाईलाई अतिरिक्त कर लाग्न जाने हुदा त्यो भारबाट बच्न पनि PAN नम्बर राखि कारोबार गर्नु पर्दछ । यसबाट तपाईको कर सहभागिता लागत पनि घटाउदछ ।*

## १२. 'e PAN' भनेको के हो ?

*इन्टरनेटको प्रविधिद्वारा सहज ढंगले प्रदान गरिने PAN नै 'e-PAN' हो ।*

## १३. 'e PAN' कसरी जारी गरिन्छ ?

*व्यक्तिक e-PAN- www.ird.gov.np को वेबसाइटमा गई तहां उपलब्ध फाराम (PAN पाउनका लागि गरिने आवेदन फाराम) अनलाईन भरी अनलाईनमा नै आन्तरिक राजस्व कार्यालयमा आवेदन गर्न सकिन्छ । त्यहिको यो अनलाईनबाट आबेदन गर्दाको समिशन नम्बर लिएर सूचना लिई आन्तरि राजस्व बिभागले कम्प्यूटर प्रणालीबाट e-PAN जारी गर्दछ ।*

## १४. Business e-PAN को लागि online application कसरी गरिन्छ ?

- *ird.gov.np मा लगअन गर्नुहोस ।*
- *e-PAN मा क्लिक गर्नुहोस ।*
- *Get submission number मा क्लिक गर्नुहोस ।*
- *Username, password आफैं राखी सबै विवरण भर्नुहोस।*
- *Submission number प्राप्त हुनेछ ।*
- *PAN Registration मा क्लिक गर्नुहोस ।*
- *Screen मा देखिएका सबै विवरण भर्नुहोस।*
- *तपाइंले विवरण भर्दा छान्नु भएको e-PAN जारी गर्न स्वीकृत प्राप्त संस्थामा सम्पर्क गर्नुहोस ।*

- *तपाईंलाई कुनै कुराको अस्पष्ट भएमा Help मा गई सहयोग लिन सक्नु हुनेछ ।*

## १५. Personal e-PAN कसले लिनु पर्दछ ?

- *सरकारी, अर्ध सरकारी निकाय तथा कम्पनी। सँघ संस्थालाई घरबहालमा दिने व्यक्ति ।*
- *डाक्टर, ईन्जिनियर, वकिल, लेखा परिक्षक, व्यक्तिगत परामर्शदाता,बीमा अभिकर्ता,कलाकार र कमिशन एजेन्ट ।*
- *रु. १० लाख भन्दा बढीको शेयर खरीद बिक्री गर्ने ब्यक्ति ।*
- *भाडाका सवारीसाधन धनी प्राकृतिक व्यक्ति ।*
- *रोजगारी आय भएको व्यक्तिको हकमा रु.१ लाख साठी हजार र दम्पती छनौट गर्नेको हकमा रु. २ लाख भन्दा बढी करयोग्य आय भएको व्यक्ति ।*

## १६. Personal e-PAN बाट Business PAN मा कसरी रुपान्तरण गर्न सकिन्छ ?

*व्यवसाय दर्ता गरी व्यावसायिक स्थायी लेखा नम्बरमा परिवर्तनका लागि आवश्यक निवेदन,व्यवसाय दर्ता प्रमाणपत्र सहित निवेदन दिएको अबस्थामा तपाईले e-PAN लिएको कार्यालयले Business PAN मा रुपान्तरण गरिदिन्छ ।*

## १७. PAN लिन मैले के के कुराहरुको जानकारी गराउन पर्दछ र कुन कागजातहरु कार्यालयममा पेश गर्नु पर्दछ ?

*PAN लिन प्राकृतिक व्यक्तिले आफ्नो नाम, थर, स्थायी ठेगाना, पिताको नाम, जन्म मिति, नागरिकता/परिचयपत्र नम्बर बारे जानकारी गराउनु पर्दछ । सो साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, विदेशीको हकमा राहदानी वा सम्बन्धित कुटनैतिक नियोगद्वारा जारी गरिएको परिचयपत्र, पेशागत प्रमाणपत्रको प्रतिलिपी र फोटो एक प्रति पेश गर्नु पर्दछ । स्थायी लेखा नम्बर लिन अनिवार्य नभएका प्राकृतिक व्यक्तिले PAN लिन चाहेमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फोटो भए पुग्दछ ।*

**१८. मैले PAN लिनका लागि निवेदनको ढाँचा कसरी प्राप्त गर्न सक्दछु र यस्तो निवेदन मैले कहाँ दिनु पर्दछ ?**

*PAN लिनको लागि भर्नुपर्ने निवेदन फारामको ढाँचा www.ird.gov.np को वेबसाइटबाट डाउनलोड गरी प्राप्त गर्न सकिन्छ । साथै आन्तरिक राजस्व कार्यालयहरु, आ.रा.का. नभएको जिल्लामा को.ले.नि.का.हरु तथा उद्योग बाणिज्य संघहरुबाट समेत प्राप्त गर्न सकिन्छ ।*

**१९. PAN लिनका लागि मैले कति दस्तुर बुझाउनु पर्दछ ?**

*तपाईंले PAN लिनका लागि कुनैपनि किसिमको दस्तुर बुझाउनु पर्दैन ।*

**२०. म बसेको ठाँउ आन्तरिक राजस्व कार्यालय रहेको शहरबाट धेरै टाढा छ। के मैले आफु बसेको ठाउँ मै PAN पाउन सक्दिन ?**

*जुनसुकै ठाउँबाट इन्टरनेट मार्फत् फाराम डाउनलोड गरी अनलाईन नै e-PAN का लागि आवेदन गर्दा प्राप्त भएको निस्सा (सब्मिशन नम्बर) लिई सम्बन्धित आ.रा.का.मा. सम्पर्क राख्नु पर्दछ । रोजगारी गर्ने व्यक्तिले आफ्नो रोजगारदाता मार्फत् पनि PAN का लागि आवेदन गर्न सक्दछन् । यसरी रोजगारदाताले दिएको PAN नम्बर कार्यालय दिएपछि मात्र स्थायी हुन्छ ।*

**२१. 'e-PAN' का लागि के मैले इलष्ट्रिभ फाराम पाउन सक्दछु ? के यस्तो फाराम Online भरेर बुझाउन (submit) पनि सकिन्छ ?**

*'e-PAN' का लागि online फाराम पाउन सकिन्छ र सो online नै भरी बुझाउन (submit) सकिन्छ । तर PAN कार्ड लिन आ.रा.का. मा सम्पर्क राख्नै पर्दछ ।*

**२२. मेरो उद्योग भर्खरै स्थापना भएकोले मुनाफामा आउन अझै ४-५ वर्ष लाग्छ। मुनाफा हुन थालेर सो मा कर तिर्नु पर्ने भए पछि मात्रै मैले PAN लिए हुदैन ?**

*हुँदैन । उद्योग व्यापार पेशा व्यवसायको थालनी गर्नु अगावै PAN का लागि आवेदन गरी PAN लिई सक्नु पर्दछ ।*

**२३. के एउटै व्यक्तिसँग एक भन्दा बढी PAN हुन सक्दैन ?**

*सक्दैन । एउटा व्यक्तिको जीवनमा (प्राकृतिक ब्यक्ति वा कम्पनी आदि निकाय) एउटा मात्रै PAN लिन सक्दछ । एउटैमात्र PAN रहिरहन्छ । त्यसैमा आफ्नो व्यवसायको प्रकारहरु थप गर्दै लैजानु पर्दछ ।*

**२४. PAN लिएर मलाई के फाइदा छ ?**

*PAN लिएपछि कारोवार गर्न, आयात निर्यात गर्न, बैंकसंग ऋण लिन एवं राजश्व सम्बन्धी सम्पूर्ण काम गर्न सहज हुन्छ । साथै तपाईको व्यवसायमा पारदर्शिता आउने हुन्छ ।*

**२५. मैले PAN का लागि निवेदन दिन फाराम त पाएँ, तर भर्न जानिन। यस बारे थप जानकारी मैले कहा पाउन सक्छु ?**

*PAN का लागि आवदेन गर्न सहयोगका लागि विभागले ब्रोसियर निर्देशिका बनाएको छ । सो अध्ययन गर्दा फाराम सजिलै भर्न सकिन्छ । साथै आ.रा.का. हरुमा रहेको हेल्पडेस्क, www.ird.gov.np को वेबसाईट र उद्योग वाणिज्य महासंघहरुबाट समेत थप जानकारी र सहयोग लिन सकिन्छ। यदि तपाईको फारममा भरिएका सूचनाहरु फरक भएमा बा गल्ति भएमा पछि संशोधन गर्न पाईन्छ।*

**२६. PAN का लागि आवेदन गर्दा के फोटो बुझाउनै पर्दछ ?**

*PAN का लागि आवेदन गर्दा प्राकृतिक व्यक्तिको हकमा आफ्नो र निकायको हकमा सो फोटो संलग्न गर्नु पर्दैन ।*

२७. **म विदेशी नागरिक हुँ । मैले PAN पाउन सक्दछु वा सक्दिन ? सक्छु भने मैले के के कागजात बुझाउनु पर्दछ ?**

*विदेशी नागरिकले नेपालको प्रचलित कानून अनुसार नेपालमा उद्योग, व्यापार, पेशा, व्यवसाय, रोजगारी वा लगानी गर्दा PAN लिनु पर्दछ । यसका लागि आवेदन गर्दा अन्य कागजातका अतिरिक्त निजको नागरिकता वा परिचय खुल्ने आवश्यक प्रमाण पेश गर्नु पर्दछ ।*

२८. **PAN पाउन आवेदन गर्ने महिलाले आवेदन फर्ममा आफ्नो पिता को नाम लेख्ने कि पति वा ससुराको ?**

*PAN पाउन आवेदन गर्ने महिला प्राकृतिक व्यक्तिले आफ्नो पिता, आमा, पति वा ससुराको नाम अनिवार्य लेख्नु पर्दछ ।*

२९. **गैर बासिन्दा व्यक्तिले PAN पाउन कसले आवेदन गर्नु पर्दछ ?**

*गैर बासिन्दा व्यक्तिको हकमा निजको नेपालमा रहेको स्थायी संस्थापन वा प्रतिनिधि एजण्टले PAN लिन आवेदन गर्नुपर्दछ ।*

३०. **के मैले PAN का लागि आवेदन गर्दा कर चुक्ता प्रमाण पत्र र पुरानो आय विवरण तथा अग्रिम कर कट्टी (जस्तै घर बहालमा) दाखिला गरेको प्रमाण तथा घरको बहालमा लिएको सम्झौता पत्र पेश गर्नु पर्दछ ?**

*PAN का लागि आवदेन गर्दा कर चुक्ता प्रमाणपत्र वा पुरानो आय विवरण, कर रकम, अग्रिम कर कट्टी रकम दाखिला गर्नु पर्दैन । कारोवार शुरु गर्न बाँकी नै रहेको करदाताले त झन् पर्दै परेन । तर आ.रा.का. ले पुराना करदाताबाट (साविकदेखि कारोवार गरिरहेका) कर असुली प्रयोजनका लागि आय विवरण, अग्रिम कर माग गर्न सक्दछ । PAN दिनबाट बञ्चित गर्न सक्दैन । भाडाको घरमा बसेको करदाताको ठेगानाको पहिचानको लागि बसेको ठाउँको (कारोवार स्थलको) नक्सा र घरबहालको सम्झौता भने आवश्यक पर्दछ ।*

३१. **PAN प्रथा लागू हुनु अगावै मैले आयकर दर्ता प्रमाणपत्र लिएको थिए । के मैले पनि फेरी PAN लिनु पदर्छ ?**

*पुरानो आयकर दर्ता प्रमाणपत्र लिने व्यक्तिले पनि PAN लिन अनिवार्य छ । पुरानो आयकर प्रमाणपत्रलाई यसले प्रतिस्थापन गर्दछ । तर यो नयाँ नम्बरले हिजोको व्यवसायलाई भने नियमितता दिन्छ ।*

३२. **के मैले लिएको PAN प्रत्येक वर्ष नविकरण गराउनु पर्दछ ?**

*PAN एउटा स्थायी परिचयपत्र हो । यसको नवीकरण गराइ राख्न पर्दैन । तर करदाताको ठेगाना, कारोवार स्थल वा कारोबारको प्रकृति आदिमा कुनै परिवर्तन भए सो को सूचना सम्बन्धित आ.रा.का. लाई दिनुपर्दछ ।*

३३. **मैले PAN का लागि आवेदन गरेको कति समय पछि PAN CARD पाउन सक्छु ? सो नपाउन्जेल के विभागले मलाई अस्थायी PAN दिन्छ ?**

*PAN का लागि आवेदन गर्ने बित्तिकै PAN नम्बर भएको एउटा अस्थायी प्रमाण पाइन्छ । तर PAN कार्ड लिन (जसमा सोही PAN संकेत उल्लेख भएको हुन्छ) करिब एक महिना पर्खिनु पर्दछ । यो स्थायी प्रमाणपत्रले तपाईको अस्थायी प्रमाणपत्रलाई प्रतिस्थापन गराउदछ ।*

३४. **म आजै आय विवरण पेश गरेर लाग्ने कर तिरेर कर चुक्ता प्रमाण पत्र चाहन्छु । तर म सँग PAN छैन । मैले के गर्नु पर्दछ ?**

*PAN नलिएका व्यक्तिले पनि करयोग्य कारोवार गरेको भए आय विवरण पेश गर्न र कर तिर्न पर्दछ । PAN नलिंदैमा करको दायित्वबाट मुक्ति पाइंदैन । र कर तिरेपछि सोको निस्सा (कर चुक्ता प्रमाण) पनि पाइन्छ । तर PAN नलिंदा जरिवाना हुने, लिन अति सजिलो भएको र यसले करदातालाई नै फाइदा पुग्ने भएकोले PAN लिनका लागि पनि आवेदन गर्नु श्रेयस्कर हुन्छ ।*

३५. **PAN कसले लिनु पर्दछ ?**

*PAN उद्योग, व्यापार, पेशा, व्यवसाय वा रोजगारी गर्ने सबै व्यक्ति (प्राकृतिक व्यक्ति वा कम्पनी आदि निकाय) र अग्रिम कर कट्टी गर्ने व्यक्ति (प्राकृतिक व्यक्ति वा निकाय - गैर सरकारी संस्थाहरु, सार्वजनिक कार्यालयहरु) सबैले लिनु पर्दछ ।*

### ३६. PAN लिन कहाँ सम्पर्क राख्नुपर्दछ ?

*PAN लिन आन्तरिक राजश्व कार्यालयहरु, आ.रा.का.नभएको ठाउँमा को.ले.नि. कार्यालयहरु, उद्योग बाणिज्य संघहरु, रोजगारदाता निकायहरु वा www.ird.gov.np को वेबसाइटमा सम्पर्क राख्नु पर्दछ ।*

### ३७. PAN लिन कति शुल्क लाग्छ ?

*PAN लिन कुनै शुल्क लाग्दैन ।*

### ३८. PAN लिन के के कागजात पेश गर्नुपर्दछ ? स्थायी लेखा नम्बर लिन कति समय लाग्छ ?

*PAN लिन निम्न लिखित कागजात पेश गर्नु पर्दछ ।*

*<u>प्राकृतिक व्यक्तिको लागि</u> : नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/विदेशीको हकमा राहदानी वा कुटनैतिक नियोगद्वारा जारी गरिएको परिचयपत्रको प्रतिलिपी, पेशागत प्रमाणपत्रको प्रतिलिपी र फोटो १ प्रति ।*

*<u>निकायका लागि</u> : साझेदारी फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, आवेदन पत्रमा दस्तखत गर्नेको पासपोर्ट साइजका २ प्रति फोटोहरु, साझेदारी फर्म भए सबै साझेदारको २/२ प्रति फोटो, मुख्य कारोवार स्थल वा प्रधान कार्यालय देखिने गरी बनाइएको नक्सा ।*

*PAN लिन समय लाग्दैन । PAN नम्बर भएको अस्थायी निस्सा तुरुन्त पाइन्छ तर PAN कार्ड बनाउन समय लाग्ने भएकोले बढीमा एक महिना लाग्न सक्दछ ।*

### ३९. PAN लिएपछि के प्रमाण प्राप्त हुन्छ ?

*PAN लिए पछि आफ्नो वैयक्तिक विवरण र PAN संख्या उल्लेख भएको फोटो सहितको PAN कार्ड पाइन्छ ।*

### ४०. मेरो PAN लिन म स्वय उपस्थित हुनुपर्दछ कि अन्य व्यक्तिलाई पठाए हुन्छ ?

*PAN लिन आवेदन गर्दा इन्टरनेटका माध्यमबाट वा अरुलाई मञ्जुरीनामा दिएर पनि आवेदन गर्न सकिन्छ तर PAN कार्ड लिंदा आफू करदाताले (निकायको हकमा अधिकृत व्यक्तिले) दस्तखत गर्नुपर्ने हुँदा स्वयं उपस्थित हुनु पर्दछ ।*

### ४१. घरमै वसेर कम्प्यूटरबाट PAN लिन पाउने सुविधा छ, छैन ?

*घर मै बसेर कम्प्यूटरबाट इन्टरनेटका माध्यमले PAN का लागि आवेदन गर्न सकिन्छ र यस्तो e-PAN का लागि आवेदन गर्दा कम्प्यूटरबाटै अस्थायी निस्सा पाईन्छ । तर PAN कार्ड लिन आ.रा.का.मा उपस्थित भई कार्ड लिनु पर्दछ । कम्प्यूटरमा इन्टरनेटका माध्यमले सम्पर्क राख्ने ठेगाना www.ird.gov.np हो ।*

### ४२. PAN नलिई कारोवार गरेमा मलाई कस्तो कानूनी सजाय हुन्छ ?

*PAN नलिई कारोवार गर्दा आयकर ऐनको अनिवार्य व्यवस्था नमाने वापत ऐनको दफा ११९ क अनुसार रु.५ हजार देखि ३० हजारसम्म शुल्क जरिवाना हुन सक्दछ । साथै आयात निर्यात गर्दा वा बैकिंग कारोवार गर्दा वा सरकारी/सार्वजनिक निकायसँग सरोकार पर्ने कार्य पर्दा यस्तो कार्य गर्न नपाईने हुन सक्दछ ।*

### ४३. विद्युतीय प्रणालीबाट Personal PAN कसरी प्राप्त गर्ने ?

- *आन्तरिक राजस्व विभागको वेबसाइट www.ird.gov.np मा log on गर्नुहोस ।*
- *Personal e-PAN मा प्रवेश गर्नुहोस।*
- *Get submission number मा click गर्नुहोस।*
- *Submission number प्राप्त गरीसके पछि Get Information मा click गरी व्यक्तिगत विवरण प्रविष्ट गर्नुहोस।*
- *फोटो र परिचयपत्र scan गरी upload गर्नुहोस।*
- *एकप्रति प्रिन्ट वा submission number लिई सम्बन्धित आ.रा.का. मा सम्पर्क गर्नुहोस।*
- *तपाईलाई कुनै थप जानकारी चाहिएमा Help बाट सहयोग लिन सकिन्छ ।*

**४४. क कसले अनिवार्य रुपमा व्यक्तिगत स्थायी लेखा नम्बर लिनु पर्दछ ?**

- *सरकारी, अर्ध सरकारी निकाय तथा कम्पनी। सँघ संस्थालाई घरबहालमा दिने व्यक्ति ।*
- *डाक्टर, ईन्जिनियर, वकिल, लेखा परिक्षक, ब्यक्तिगत परामर्शदाता,बीमा अभिकर्ता,कलाकार र कमिशन एजेन्ट ।*
- *रु. १० लाख भन्दा बढीको शेयर खरीद बिक्री गर्ने ब्यक्ति ।*
- *रोजगारी आय भएको व्यक्तिको हकमा रु.१ लाख साठी हजार र दम्पती छनौट गर्नेको हकमा रु. २ लाख भन्दा बढी करयोग्य आय भएको व्यक्ति ।*
- *भाडाका सवारीसाधन धनी प्राकृतिक व्यक्ति ।*

**४५. व्यक्तिगत स्थायी लेखा नम्बर लिन के के कागजात चाहिन्छ ?**

- *नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा विदेशीको हकमा परिचय पत्र । र*
- *फोटो को डिजिटल कपी ।*

**४६. व्यक्तिगत स्थायी लेखा नम्बर लिए के फाइदा हुन्छ ।**

*व्यक्तिगत स्थायी लेखा नम्बर (PAN) ले आफूले बुझाएको आयकर कम्प्यूटर प्रणालीमा अभिलेखांकन हुने र आफूले चाहेका बखत आफ्नो दाखिला रकम हेर्न सकिनेछ । यसका*

*साथै तपाईलाई कर दाखिलाको प्रमाणीकरण आबश्यक भएमा सहज र आधिकारिक बनाउदछ । साथै करदाता भएकोमा गर्बको महसुस हुन्छ ।*

**४७. मैले व्यक्तिगत स्थायी लेखा नम्बर लिएको छु, अब म एकलौटी व्यवसाय गर्न चाहन्छ, के मैले सोही नम्बर प्रयोग गर्न पाउँछु ? मैले के गर्नु पर्दछ ?**

*तपाईंले सोही नम्बर प्रयोग गर्नका लागि व्यवसाय दर्ता गरी व्यावसायिक स्थायी लेखा नम्बरमा परिवर्तनका लागि आवश्यक कागजात सहित निवेदन दिनु पर्दछ ।*

**४८. मैले व्यावसायिक स्थायी लेखा नम्बर लिई एकलौटी व्यवसाय संचालन गरिरहेको छु, अब म व्यवसाय छाडी रोजगारी मात्र गर्न चाहन्छ, के मैले सोही नम्बर प्रयोग गर्न हुन्छ ? मैले के गर्नु पर्दछ ?**

*तपाईंले सोही नम्बर प्रयोग गर्नका लागि व्यवसाय दर्ता खारेज वा स्थगन गरी व्यक्तिगत स्थायी लेखा नम्बरमा परिवर्तनका लागि आवश्यक online application दिनु पर्दछ ।*

**४९. कुन कुन अवस्थामा व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता खारेज गर्न पाईन्छ ?**

*व्यक्तिको मृत्यु भएमा,नागरिकता त्याग गरी नेपाल छाडेमा, विदेशीको हकमा आय आर्जन गर्ने काम गर्न छाडेमा ।*

**५०. व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता खारेज गर्ने प्रकिया के हो ?**

*कारण खोली सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्दछ । तर तपाईको मृत्यू पर्यन्तमा यो नम्बर खारेज हुन्छ अन्यथा यो नम्बर तपाईको नाममा unactive अबस्थामा system मा रहि रहन्छ ।*

# Business e-PAN

**५१. e-PAN भनेको के हो ?**

आ.रा.का. मा नगई स्वीकृत प्राप्त संस्था मार्फत विद्युतीय प्रणाली (Internet)बाट स्थायी लेखा नम्बर प्राप्त गर्ने व्यवस्था हो ।

**५२. e-PAN मार्फत स्थायी लेखा नम्बर प्राप्त गर्ने प्रकिया के हो ? कसरी गर्नुपर्दछ ?**

- ird.gov.np मा लगअन गर्नुहोस ।
- e-PAN मा क्लिक गर्नुहोस ।
- Get submission number मा क्लिक गर्नुहोस ।
- Username, password आफैं राखी सबै विवरण भर्नुहोस।
- Submission number प्राप्त हुनेछ ।
- PAN Registration मा क्लिक गर्नुहोस ।
- Screen मा देखिएका सबै विवरण भर्नुहोस।
- तपाइंले विवरण भर्दा छान्नु भएको e-PAN जारी गर्न स्वीकृत प्राप्त संस्थामा सम्पर्क गर्नुहोस ।

**५३. क कसले e-PAN जारी गर्न जारी गर्न स्वीकृती पाएका छन् ? स्वीकृत प्राप्त संस्था कहाँ कहाँ छन् ?**

**५४. e-PAN मार्फत ख्व्त पनि दर्ता गर्न मिल्छ ?**

मिल्दैन । VAT दर्ता गर्न आन्तरिक राजस्व कार्यालयमा नै सम्पर्क गर्नु पर्दछ ।

**५५. e-PAN गर्ने यस प्रकियामा कागजात बुझाउनु पर्दैन हो ?**

दर्ता फाराम भरिसकेको हुँदा सो भर्नु पर्दैन, तर अन्य कागजात (व्यवसाय दर्ता प्रमाणपत्र आदि) भने स्वीकृत प्राप्त संस्थामा बुझाउनु पर्दछ ।

**५६. e-PAN गर्दा के फाइदा हुन्छ  कागजात बुझाउनु पर्दैन हो ?**

यस प्रकियामा तपाईंले आन्तरिक राजस्व कार्यालयमा गई रहनु पर्दैन, नजिकको स्वीकृत प्राप्त संस्थामा गएर स्थायी लेखा नम्बर प्राप्त गर्न सक्नु हुन्छ । दर्ता फाराम विद्युतीय प्रणाली (Internet)बाट भरिसकेको हुँदा सो भर्नु पर्दैन ।

**५७. e-PAN गर्दा के स्वीकृत प्राप्त संस्थाले नै स्थायी लेखा नम्बर  प्रमाणपत्र उपलब्ध गराउँछ ?**

हो, स्वीकृत प्राप्त संस्थाले शुरुमा तपाईंलाई स्थायी लेखा नम्बर  प्रमाणपत्रको अस्थायी निस्सा उपलब्ध गराउँदछ र पछि आन्तरिक राजस्व कार्यालयबाट प्राप्त स्थायी प्रमाणपत्र उपलब्ध गराउँदछ ।

**५८.  यस बारेमा थप जानकारी लिनु परेमा कहाँ कसलाई सम्पर्क गर्नुपर्दछ  ?**

*स्थायी लेखा नम्बर बारेमा थप जानकारी लिन विभागको वेबसाइट www.ird.gov.np मा सम्पर्क राख्न सकिन्छ । साथै कुनै पनि आ.रा.का. वा आ.रा.वि.वा आ.रा.का. नभएको जिल्लामा को.ले.नि कार्यालयमा वा स्थानीय उद्योग बाणिज्य संघहरु मार्फत पनि PAN बारे थप जानकारी पाउन सकिन्छ ।*